श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी केन्द्रीय खाद्य अनुसन्धान शाखाले आयात गरेको लेवोरेटरी कफी हलर डी. एम. ८१० मूल्यको सामानमा लाग्ने बिक्रीकर पूर्ण रूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको सचिव

---

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले अन्तःशुल्क ऐन, २०१५ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल अधिराज्यभित्र तयार हुने विद्युत्‌बाट सञ्चालित मिक्सर र जुसरमा मूल्यको २० (बीस) प्रतिशतका दरले अन्तःशुल्क लगाउने र असूल उपर गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशित गरेको छ ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ६ (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी भानुभक्त मेमोरियल माध्यमिक विद्यालय, पानीपोखरीले बृटिश पर्यटकसँग खरीद गरेको कार्नें नं. ५१४।४८३ एल. डी. को बसमा लाग्ने भन्सार महसूल र बिक्रीकर पूर्ण रूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

62